# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# हल्दीवारी गाउँपालिका, झापा




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu,
Nepal

पत्र संख्या :२०७६/७७
च.नं. ५४४

मिति: २०७७/३/२८

श्री अध्यक्ष ज्यु,
हल्दीवारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu,
Nepal

पत्र संख्या:
च.नं ४६७

मितिः २०७७।३।२८

श्री अध्यक्ष ज्यू,
हल्दीवारी गाउँपालिका
झापा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले हल्दीवारी गाउँपालिका आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन
२. लेखापरीक्षणबाट रु. ९२ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख ३१ हजार, अनियमित रु.३ लाख ५० हजार,प्रमाण कागजात पेश गर्नुपर्ने रु.८७ लाख ४५ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया साथ प्रमाण कागजात पेश नभएकोले अन्तिम प्रतिवेदन पाना यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

# हल्दीवारी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न हल्दीवारी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो पालिका अर्न्तगत ५ वडा रहेको सभा सदस्य ११७ व.कि.मी.क्षेत्रफल, २९२२९ जनसंख्या १ प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चित कोष- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम हल्दीवारी गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

**सञ्चित कोषको विवरण**
**२०७५।०७६**

| क.स | आय | रकम | रकम | क.स | व्यय | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **शुरु मौज्दात** | | ३,८८४,४४५ | १ | चालु खर्च | | ७०१०४१२९ |
| | रा.वा.वैक | १,९४३,७२९ | | २ | पूजीगत खर्च गाउँपालिका | | ७६,०१५,७४३ |
| | गत वर्षको नगद | ६९५,०३१ | | ३ | कर्मचारी कल्याणकारी कोष | | ३९८,५०० |
| | वडा कार्यालयको बैक मौज्दात | १,२४५,६८५ | | ४ | प्रकोप व्यवस्थापन कोष( जनता उपचार कोष समेत ) | | ४,२११,४०८ |
| २ | **राजश्व** | | ८३,३९९,५२७ | ५ | मर्मत सम्भार खर्च | | १,७९६,७८९ |
| | आन्तरीक राजश्व | ९,८३१,४६९ | | ६ | विभाज्य कोषबाट प्रदेश सरकारको ४० प्रतिशत | | ७०४,५३६ |
| | राजश्व बाडफाड संघ | ५३,७७५,०५२ | | ७ | **संघीय सरकार विषयगत कार्यक्रम** | | ८६,७४३,०१२ |
| | राजश्व बाडफाड प्रदेश विभाज्य | २,३३८,०३८ | | | प्रदेश तथा स्थानीय तह क्षमता विकाश कार्यक्रम | ३०४,८७५ | |
| | राजश्व बाडफाड स्थानीय विभाज्य | १,७६१,३४१ | | | सामाजिक सुरक्षा कार्यक्रम | ७७,४०९,२०० | |
| | अन्य | ४२७,६०६ | | | स्थानीय पूवाधार विकाश कार्यक्रम | ४,३५२,७५२ | |
| | मालपोत कार्यालयबाट प्राप्त रजिष्ट्रेशन | ५,१७०,८९५ | | | झोलुङ्गे पुल क्षेत्र विकाश कार्यक्रम | ३,०८१,७१९ | |
| | जिसस झापाबाट अनुदान | १०,०९५,१२५ | | | गरिवसँग विश्वेश्वर कार्यक्रम | ३९४,००० | |
| ३ | **संघीय सरकार विषयगत कार्यक्रम** | | ८८,५३३,४१२ | | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,२००,४६६ | |
| | प्रदेश तथा स्थानीय तह क्षमता विकाश कार्यक्रम | ३०४,८७५ | | ८ | **प्रदेश शर्शत** | | **१७,२९४,३६७** |
| | सामाजिक सुरक्षा | | | | प्रदेश शर्शत अनुदान | १४,७५७,९३५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | ७९,१९९,६०० | | | | | |
| | स्थानीय पूवाधार विकाश कार्यक्रम | ४,३५२,७५२ | | | प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम | २,५३६,४३२ | |
| | झोलुङ्गे पुल क्षेत्र विकाश कार्यक्रम | ३,०८१,७१९ | | | विशेष अनुदान संघ | | २२,८२५,७७२ |
| | गरिवसँग विश्वेश्वर कार्यक्रम | ३९४,००० | | | शर्शत अनुदान सघ | | ११८,३१५,८१२ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,२००,४६५.८४ | | | समपुरक अनुदान सघ | | १७८,९४१ |
| | | | | | धरौटी फिर्ता | | ३,७६९,७५५ |
| | | | | ९ | **फिर्ता** | | १३,४४४,५०८ |
| ४ | **संघ वितीय हस्तान्तरण** | | २६१,३६९,००० | | प्रदेश शर्शत अनुदान | २४२,०६५.०० | |
| | वितीय समानीकरण | ९८,०००,००० | | | शर्शत अनुदान सघ | ३,६७८,१८८.४० | |
| | शर्शत अनुदान | १२१,९९४,००० | | | समपुरक अनुदान सघ | ६,९००,०५९.०० | |
| | समपुरक अनुदान | १८,२७९,००० | | | प्रदेश निर्वाचन क्षेत्र पुर्वाधार विकास | ५६३,५६८.०० | |
| | विषेश अनुदान | २३,०९६,००० | | | विशेष अनुदान | २७०,२२८.०० | |
| | | | | | सामाजिक सुरक्षा कार्यक्रम | १,७९०,४००.०० | |
| ५ | **प्रदेश वितीय हस्तान्तरण** | | २१,६३६,००० | १० | **अन्तिम मौज्दात** | | २४,२०८,४६३ |
| | वितीय समानीकरण | ३,५३६,००० | | | धरौटी खाता | १,७४२,२१७.९५ | |
| | शर्शत अनुदान | १५,०००,००० | | | सिटिजन्स बैक चालु खाता | - | |
| | प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम | ३,१००,००० | | | सिटिजन्स बैक पूजिगत खाता | - | |
| | समपुरक अनुदान | - | | | सिटिजन्स मूल सन्चित कोष | २१,०५०,२६२.६७ | |
| | विषेश अनुदान | - | | | सिटिजन्स बैक प्रकोप व्यावस्थापन (जनता उपाचार समेत) | ३८८,१४८ | |
| ६ | **अन्य** | | | | सिटिजन्स बैक मर्मत | ६४,५६२ | |
| | | | ९,३४२,६५२ | | सिटिजन्स बैक गरिवि निवारण | ६७,७५० | |
| | धरौटी आय | ५,५१९,९७३ | | | सिटिजन्स बैक कल्याणकारी | ८९५,५२२ | |
| | प्रकोप व्यवस्थापन कोष(जनता उपचार कोष समेत ) | २,०९९,५५६ | | | सिटिजन्स बैक वातावरण विकास | - | |
| | मर्मत | ३६१,३५१ | | | सिटिजन्स बैक विभाज्य कोष | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गरिवि निवारण | ६७,७५० | | ११ | **पूजिगत तर्फ दिएको पेश्की** | | ७,१०३,३०० |
| | कल्याणकारी | १,२९४,०२२ | | | कचन कवल कन्ट्रक्सनलाइ पेश्की | ८२०,००० | |
| | | | - | | लुङछाता बिल्ड्र्सलाइ पेश्की | ७७६,७०० | |
| | | - | | | नविन निर्माण सेवालाइ पेश्की | १,४१४,६०० | |
| | | | | | झापालि जलजले जेभिलाइ पेश्की | १,४००,००० | |
| | | | | | भेलागडी बन उपभोक्ता समुहलाइ पेश्की | ३३,००० | |
| | | | | | पाथिभरा टोल बिकास समितिलाइ पेश्की | ६७६,००० | |
| | | | | | किरातेश्वर कन्ट्रक्सनलाइ पेश्की | १,९५०,००० | |
| | | - | | | होम रायलाइ पेश्की | ३३,००० | |
| | | - | | १२ | **चालु तर्फ दिएको पेश्की** | | ३९८५००० |
| | | | | | खड्ग कृष्ण रियर जेभिलाइ पेश्की | २,७८०,००० | |
| | | | | | गरिमा निर्माण सेवालाइ पेश्की | १,०००,००० | |
| | | | | | बाबुराम ढकाललाइ पेश्की | ५०,००० | |
| | | | | | बाहुनढोका टोल विकास समितिलाइ पेश्की | २५,००० | |
| | | | | | झापा नेत्रहिन संघलाइ पेश्की | ३०,००० | |
| | | | | | दिपज्योति युवा परिवारलाइ पेश्की | १००,००० | |
| | | | | | बिमल भट्टराइ जे सि भि अपरेटर लाइ पेश्की | ४८,५०० | |
| | | | | १३ | **समपुरक तर्फ दिएको पेश्की** | | ११,२००,००० |
| | | | | | वोल्ड वाइड ब्राइट कार्मा जेभिलाइ पेश्की | ११,२००,००० | |
| | | | | १४ | **जि स स तर्फ दिएको पेश्की** | | ४९५०००० |
| | | | | | किरातेश्वर कन्ट्रक्सनलाइ पेश्की | ४,९५०,००० | |
| | **जम्मा** | | ४६८,१६५,०३६ | | **जम्मा** | | ४६८,१६५,०३६ |

<table>
<tr><th>दफा नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>लेखापरीक्षणको क्रममा असुली - पालिका अन्तरगतको विभिन्न कार्यक्रम सञ्चालन गर्दा वढी भुक्तानी लगायतको देहाय अनुसारको असुली भइ विभिन्न सञ्चित कोष दाखिलाको भौचर पेश छ<br><br>
<table>
<tr><td>सि.नं</td><td>व्यहोरा</td><td>रकम</td><td>सञ्चित कोष</td></tr>
<tr><td>१</td><td>वैठक र प्रशिक्षक भत्ता</td><td>१२२५५५।००</td><td>स्थानीय</td></tr>
<tr><td>२</td><td>सामाजिक सुरक्षा वढी भुक्तानी</td><td>४८०००</td><td>संघीय</td></tr>
<tr><td>३</td><td>शिक्षक तलव वढी</td><td>३००७४।००</td><td>संघीय</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२००६२९।००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१</td><td>जिम्मेवारी घटी सारेको - पालिकाले गत वर्षको जिम्वेवारी रु.८०८००००।०० सार्नु पर्नेमा रु.३८८५०००।०० मात्र सारेकोले रु.४१९५०००।०० को घटी सार्नुको कारण र प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४१९५०००</td></tr>
<tr><td>१.१</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार १० गते सभामा पेश भइ २०७५।०३।२५ मा स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तयारी उपलव्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम सञ्चालन गर्ने उल्लेख गरेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td>वजेट पेश गर्ने तथा पारित गर्ने- स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ आषाढ १० भित्र सम्पन्न गरी २०७५ असार २५ गते स्वीकृत गरेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td>आन्तरिक आय - गाउँपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१००००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. ९८३१४६९.०८ अर्थात अनुमानको तुलनामा ९८.३१ आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ती वीच फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ । प्रत्येक वडाले प्राप्त गरेको सवै आय गाउँपालिकामा पठाउनुपर्ने व्यवस्था अनुरुप देहाय वमोजिम रकम प्राप्त भएको देखिन्छ । मालपोत, दस्तुर लगायतमा उठनूपर्ने राजस्व घटी उठेको दखिएको छ। सो उपर आवश्यक छानविन गरी आन्तरिक आय प्राप्तीमा विशेष निगरानी वढाउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४</td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउंपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | ● आन्तरिक लेखापरीक्षण नभएको ।<br>● सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको,<br>● प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको । (निजामती सेवा ऐन, २०४९ को दफा ५)<br>● उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान तथा निराकरण नगरेको (आर्थिक कायविधि नियमावली, २०६४ को नियम ९५)<br>● भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको ( आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५)<br>● जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०.३)<br>● कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९०.१ अनुसुची १४)<br>● केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>● रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद खरीद गर्नु पर्नेमा नगरेको, (सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९)<br>● भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>● भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको,<br>● ठेक्का सम्झौतामा कार्यतालिका समावेश नभएको,<br>● कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>● पेश्की माथि पेश्की दिने गरेको,<br>● नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| ५ | **श्रोत अनुमान तथा वजेट सिमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमाको लागी मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याएता पनि ठूला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको पाइयो । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | |
| ६ | **वजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । वडागत योजना, गाउँपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रमा दोहोरो नपर्ने गरी एकै ठाउँवाट सञ्चालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण हुनुपर्दछ । | |
| ७ | **आन्तरिक ऋण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका | |

| | | |
|---|---|---|
| | लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| ८ | **स्थानीय तथ्यांक र अभिलेख -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको दखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ९ | **चौमासिक खर्च -** कार्यालयलाई प्रदान वार्षिक कार्यक्रम तथा अख्तियारी, २०७५।०७६ अनुसार प्रथम, दोस्रो तथा तेस्रो तीन वटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रम, क्रियाकलाप तथा सोका लागि लाग्ने वजेट खर्चको सीमा निर्धारण गरिएको र सोही अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कार्यालयले प्रथम चौमासिकमा रु.२१५४११६२।००, द्धितिय चौमासिकमा रु.१६०९६७४२।००, तेश्रो चौमासिकमा रु.७ ९६८५८५२ ।०० खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्त्यतिर तेस्रो चौमासिकमा कुल खर्चको ६७.९१ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा अधिक मात्रमा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रमको प्रभावकारीतामा नकारात्मक असर पर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्त्यमा अधिक खर्च गर्ने कार्यमा नियन्त्रण गरी वार्षिक कार्यक्रम, बजेट तथा लक्ष्य अनुसार चौमासिक रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । | |
| १० | **प्रतिस्पर्धा –** कार्यालयले यस आर्थिक वर्षमा खरीद सम्झौता गरेको १५ वटा कार्यमा लागत अनुमानको तुलनामा ६ प्रतिशत देखि ४५ प्रतिशतसम्म घटीमा खरीद कार्य भएको छ । यसरी लागत अनुमानको तुलनामा अत्याधिक घटीमा खरीद कार्य भएको देखिएकोले अत्याधीक घटेको बोलपत्रमा गुणस्तरीय र समयमा कार्य गराउने तर्फ कार्यालयको ध्यान पुग्नुपर्दछ । | |
| ११ | **खरीद सम्झौता-** कार्यालयले प्रथम चौमासिक अवधिमा लागत अनुमानको स्वीकृति र खरीद सम्झौता गर्नुपर्नेमा तेस्रो चौमासिकमा रु.२२ करोड ८६ लाख ९७ हजार ६७४ को ठेक्का बन्दोबस्त गरेको देखियो । आगामी दिनमा प्रथम चौमासिक अवधि भित्र नै ठेक्का सम्झौता गरी निर्माण कार्य सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्दछ । वजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समयबिच तादाम्यता मिलाई वित्तिय प्रगति अपेक्षापूर्ण वनाउन आवश्यक देखियो । | |
| १२ | **कन्टिन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कन्टीन्जेन्सी खर्चबाट दैनिक भ्रमण भत्ता, इन्धन र कार्यालय सामान लगायत चालु र केही पूँजीगत निर्माणमा खर्च गरेकोमा चालु र पूँजीगत कन्टीन्जेन्सी अभिलेख नराखेको चालु र पूँजीगत खर्च नछुटिने हुन्छ । तसर्थ चालु र पूँजीगत खर्चको लगत राखी नगरी नहुने खर्च मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| १३ | **कर्मचारी व्यवस्था -** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३० रहे पनि पदपूर्ति २१ रहेको देखियो । १ अधिकृत सहित ९ पद रिक्त रहेका छन । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| १४ | **एकीकृत विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष आय-व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विगतमा नेपाल सरकारवाट गाउँपालिकावाट उपलब्ध गराएका कृषि, पशु, शिक्षा, महिला सम्वन्धि वीउपूजी, लगायतको कारोवारको श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ । | |
| १५ | **वित्तीय जवाफदेहिता पालना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत कार्यमा रु. ९२२६०००.०० खर्च गरी नियमावलीको पालना गरेको देखिएन । | |
| १६ | **वक्यौता रकम असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठनुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्री, मालपोत, अन्तशुल्क, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठनूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी | |

<table>
<tr><td></td><td>उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td>मुल्य अभिवृद्धि कर असुली नगरेको - मुल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५४ अनुसार आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी दाखीला गर्नु पर्नेमा यस वर्ष पालिकावाट आय ठेक्का वन्दोवस्त भएका तपसिलको कार्यमा मुल्य अभिवृद्धि कर असुली नगरेकोले तत्काल सो रकम असुल गरी संघीय सञ्चित कोष खातामा दाखीला भएको भौचर पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>ठेक्का लागेको क्षेत्र</th><th>ठेक्का लिनेको नाम</th><th>ठेक्का रकम</th><th>मुल्य अभिवृद्धि कर</th></tr>
<tr><td>१</td><td>हाट वजार कर</td><td>जीवन फुयाल</td><td>३६०१८०</td><td>४६८२३</td></tr>
<tr><td>२</td><td>पुवाधार उपयोग कर</td><td>छत्रमान पोखरेल</td><td>१००३००</td><td>१३०३९</td></tr>
<tr><td>३</td><td>पुवाधार उपयोग कर</td><td>राजकुमार राजवशी</td><td>१४९३००</td><td>१९४०९</td></tr>
<tr><td>४</td><td>पुवाधार उपयोग कर</td><td>हरिप्रसाद ढकाल</td><td>१५११११</td><td>१९६४४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७६०८९१</td><td>९८९१५</td></tr>
</table></td><td>९८९१५</td></tr>
<tr><td>१८</td><td>शिक्षा सशर्त - निम्नानुसारको विद्यालयमा पूस्तकालय, सुचना प्रविधि सामाग्री खरीद,विज्ञान प्रयोगशाला, शौचालय निर्माण र ल्याव स्थापना गर्न भनी रु. ४५५००००.००निकासा गरेको छ । तर तोकिए वमोजिमको कार्य भए नभएको, खरीद भएका समानहरु जिन्सी खातामा चढाए नचढाएको, निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश हुनु पर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>विद्यालयको नाम</th><th>काम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सरस्वती मा.वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>लक्ष्मी मा.वि.</td><td>पुस्तकालय</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>महेन्द्र मा.वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>४</td><td>हल्दीवारी मा.वि.</td><td>ल्याव स्थापना</td><td>२६०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५५००००</td></tr>
</table></td><td>४५५००००</td></tr>
<tr><td>१९</td><td>राजश्व अभिलेख - आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td>कर - ७।२०७५।०५।१३ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकावाट सौभाग्यवती महिला कृषि सहकारी संस्थामा सञ्चालन भएको ३० दिने जुत्ता चप्पल वनाउने कार्यक्रममा प्रशिक्षक तिर्थ विशंखेलाई प्रति दिन रु.२०००।०० का दरले जम्मा रु.६०,०००।०० भुक्तानी दिएको पाइयो । निजलाई प्रशिक्षण भत्ता वापत भुक्तानी दिएको रकममा १५ प्रतिशतले कर कट्टा गरेको नपाईएकोले १५ प्रतिशतले हुने कर रु.९०००।०० असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु..</td><td>९०००</td></tr>
<tr><td>२१</td><td>विज्ञापन छुट - सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले बिल रकममा २५ प्रतिशत र कान्तिपुर, नागरिक, राजधानी, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, आर्थिक कारोवार जस्ता राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको र उक्त छुटको व्यवस्था प्रकाशन वा एजेन्सी मार्फत कारोवार गर्दा बिल रकममा छुट लिएर मात्र कार्यालयले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले मिति २०७५।१०।२७ मा राजधानी दैनिक पत्रिकामा आमा नोटिस एण्ड एडभरटाईजिङ्ग प्रा.लि. मार्फत विज्ञापन प्रकाशन गरी मु.अ.कर बाहेक रु.१,५३,०१०।०० भुक्तानी दिंदा संस्थागत छुट १५ प्रतिशतले लिएको देखिएन । यसरी सस्थागत छुट नलिदा गाउँपालिकालाई थप व्ययभार पारेको देखिएको रु..</td><td>२२९५१</td></tr>
</table>

<table>
<tr>
<td>२२</td>
<td>
कार्यसम्पादनमा आधारित अनुदान - विद्यालय क्षेत्र बिकास कार्यक्रमवाट सम्पादन हुने कार्यक्रमहरु सम्वन्धि कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance based grants) रु.५०,०००।०० उपलब्ध गराउने व्यबस्था छ । तोकिएको सुचकांक तथा निम्न शर्तको आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउने व्यबस्था छ ।
<ul>
<li>कार्य सम्पादन मुल्यांकन सुचकांकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने ।</li>
<li>प्राप्त प्रस्तावको आधारमा विद्यालयको कार्य सम्पादनको मुल्यांकन गरी प्रति विद्यालय रु.५०,०००। को दरले अनुदान उपलव्ध गराउने ।</li>
<li>प्राप्त अनुदान विद्यालयले निर्णय गरी शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने ।</li>
<li>स्थानिय तहले नियमित अनुगमन गर्ने व्यबस्था मिलाउने ।</li>
<li>अनुदान दिनु पूर्व विद्यालयले शिक्षण सिंकाई समय मापन सम्वन्धी कार्यविधि लागु गरेको सुनिश्चित गर्ने ।</li>
</ul>
पालिकाले निम्नानुसार ६ विद्यालयलाई माथि उल्लेखित शर्त पुरा नगरी विद्यालयको खातामा रु.३,५०,०००।०० निकासा गरेको पाईयो । विद्यालयलाई प्रस्ताव पेश गर्न लगाई प्राप्त प्रस्तावको आधारमा विद्यालयको मुल्यांकन गरी अनुदान दिनु पर्नेमा सो नगरेको साथै अनुगमन मुल्यांकन समेत नभएको साथै प्रति विद्यालय रु.५०,०००। का दरले अनुदान दिनुपर्नेमा लक्ष्मी मा.वि. लाई रु.१,००,०००।०० अनुदान दिएको पाईयो । निर्देशिका विपरितको खर्च अनियमित देखिएको रु.
<table>
<tr><th>सि.नः</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री हल्दिवारी मा.वि.</td><td>५००००.००</td></tr>
<tr><td>२</td><td>श्री जनजागृति मा. वि.</td><td>५००००.००</td></tr>
<tr><td>३</td><td>श्री सरस्वती मा.वि.</td><td>५००००.००</td></tr>
<tr><td>४</td><td>श्री महेन्द्र मा.वि.</td><td>५००००.००</td></tr>
<tr><td>५</td><td>श्री पञ्चायत मा.वि.</td><td>५००००.००</td></tr>
<tr><td>६</td><td>श्री लक्ष्मी मा.वि.</td><td>१०००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३५००००.००</td></tr>
</table>
</td>
<td>३५००००</td>
</tr>
<tr>
<td>२३</td>
<td>सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२४</td>
<td>बरबुझारथ - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास</td>
<td></td>
</tr>
</table>

| | | |
|---|---|---|
| | समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरी एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| २५ | **स्रोत नक्सांकन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २६ | **आर्थिक विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्च, सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | |
| २७ | **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।  उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| २८ | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । साथै स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकाश सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| २९ | **नमुना विद्यालयको वजेट व्यवस्था** - नेपाल सरकारले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्य लिइ साविकका २४० निर्वाचन  क्षेत्रमा एक एक विद्यालयलाइ नमुना विद्यालय स्थापना गर्न हल्दीवारी माद्यमिक विद्यालयलाइ गुरुयोजना तयार गर्न लगाएको र विद्यालयले गुरुयोजना तयार गरी स्थानीय सरकार मार्फत शिक्षा तथा मानव विकास श्रोत केन्द्रवाट स्वीकृत गराएको देखियो । सो योजनाको लागि कुल लागत रु.१,२६,८१,३६,५२१।०० रहेकोमा यस वर्ष रु.१,५०,००,०००।०० मात्र वजेट पठाएको देखिन्छ ।यसरी भएको विनियोजनवाट काम पुरा गर्न करीव ८५ वर्ष लाग्ने देखिएकोले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्यमा पुग्ने सही मार्ग पहिल्याउन नसकेको हुदा सम्वद्ध सवै पक्षले ध्यान पुर्‍याउनु पर्दछ । | |
| ३० | **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको छैन । सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका कममा गाउँपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउँपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख व्यवस्थित गरी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३१ | **सवारी कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख व्यवस्थित गरी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३२ | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ६४ बमोजिम सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले कूनै पनि कर संकलन गरेको पाईएन । | |
| ३३ | **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र | |

<table>
<tr><td></td><td>सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । वडावाट सञ्चालित विभिन्न योजनाको सार्वजनिक परिक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td>योजना र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td>गुणस्तर परिक्षण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td>सभाको निर्णय कार्यान्वयन - मिति २०७५।३।२५ मा सम्पन्न गाउँपालिकाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Follow up अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३७</td><td>बेरुजू - गाउँपालिकाको अन्तिम प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. १ लाख ३१ हजार , अनियमित बेरुजू रु. ३ लाख ५० हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ८७ लाख ४५ हजार र पेश्की बाँकी देखिएको रु .शुन्य समेत रु. ९२ लाख २६ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>३८</td><td>अनुगमन तथा मूल्याङ्कन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ । रु. हजारमा
<table>
<tr><th>गत वर्षको वेरुजू रकम (रु) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>वाँकी (C=A-B)</th></tr>
<tr><td>५४३०३</td><td>५३७५५</td><td>५४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td>अद्यावधिक वेरुजू स्थिति - हल्दीवारी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मकको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ । रु. हजारमा
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)</th><th>यो वर्षको सं.पं बाट कायम वेरुजू रु (D)</th><th>यो वर्षको कायम वेरुजू (रु) (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>५४८</td><td>०</td><td>९२२६</td><td>९७७४</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची- १

## हल्दीवारी गाउँपालिका, झापा
## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| | हल्दीवारी गाउंपालिका | झापा | ३८८५ | ९८००० | २७३५३८ | ९२७४२ | ४६४२८० | २७४१३५ | १२४६६४ | १७९१९ | ४१६७१८ | ५१४४७ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुची -२

## २०७५।७६

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | झापा | हल्दीवारी गाउंपालिका | ३१ | ६ | ९२२६ | ० | ० | ० | ३१ | ६ | ९२२६ | १३१ | ३५० | ८७४५ | ० | ० | ९०९५ | ० | ० | ० |

अनुसुची ३

## अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | हल्दीबारी गाउँपालिका | झापा | ५४३०३ | ५३७५५ | ५४८ | ० | ९२२६ | ९७७४ |